बाह्रौ कार्यपालिकाको बैठकबाट अनुमोदन र
पन्ध्रौ कार्यपालिकाको बैठकबाट संशोधित ।

# पोषण मैत्री स्थानीय शासन (NutritionFriendly Local Governance-NFLG) अन्तर्गत

# पोषण मैत्री वार्ड घोषणा कार्यबिधि, २०७६

## साफेबगर नगर कार्यपालिको कार्यालय
## साफेबगर, अछाम
## २०७५/७६

स्वस्थ, सुखी र समृद्ध परिवार, हाम्रो सरोकार
प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा, जनताको अधिकार

## बिषय सूचि

१. प्रस्तावना :........................................................3
२.पृष्ठभूमि ........................................................3
३. उद्देश्य ........................................................4
४. कार्यबिधिको प्रयोग र प्रयोगकर्ताहरू ........................................................4
५. पोषण मैत्री स्थानीय शासन भनेको के हो ?........................................................4
६. पोषण मैत्री स्थानीय शासनको लक्ष्य :........................................................5
७. पोषण मैत्री स्थानीय शासनको उद्देश्य :........................................................5
८. पोषण मैत्री स्थानीय शासन किन :........................................................5
९. बिषयगत क्षेत्र र सुचकहरू :........................................................6
१०. क्षेत्रगत सुचक निर्धारण ख्वाका ........................................................6
११. पोषण मैत्री स्थानीय शासन वार्ड घोषणाको प्रक्रिया ........................................................6
१२. पोषण मैत्री स्थानीय शासन घोषणाका चरण र खुडकिलाहरू ........................................................8
१३.पोषण मैत्री स्थानीय शासन घोषणाका आबश्यक दस्ताबेजहरू ........................................................8
१४. पोषण मैत्री स्थानीय शासन घोषणाका लागि बिभिन्न तहहरूको भूमिका र जिम्मेवारीहरू.9
क. वार्ड समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारी :........................................................9
ख. नगर पालिका स्तरीय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारी :........................................................9
ग. जिल्ला समन्वय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारी :........................................................10
घ. प्रदेश तथा संघको भूमिका तथा जिम्मेवारी :........................................................10
१५. स्पष्टीकरण तथा बचाउ :........................................................10
१६. पुरूस्कार तथा सम्मान :........................................................11
१७. अनुसूचीहरू :........................................................11
अनुसूची १ : पोषणमैत्री स्थानीय शासन अर्न्तगत पोषण मैत्री वार्ड घोषणाको लागि तयार गरिएको क्षेत्रगत सूचकहरू र न्यूनतम लक्ष्य।........................................................11

अनुसूची २ : पोषण मैत्री स्थानीय शासन का सुचक बिश्लेषण(निकाल्ने) तरिका..........15
अनुसूची ३ :पोषण मैत्री स्थानीय शासनका सुचक प्राप्तीको अबस्था बिवरण .............16
अनुसूची ४ : पोषण मैत्री स्थानीय शासन घोषणामा रहेको वार्ड र पालिकाको संक्षिप्त कार्य योजना ........................................................................16
अनुसूची ५ : पोषण मैत्री स्थानीय शासन कार्यान्वयन संयुक्त अनुगमन फारम ............17
अनुसूची ६ :पोषण मैत्री आचार संहिता .....................................................18
अनुसूची ७ :पोषण सुधारको लागि सामुहिक प्रतिबद्धता ....................................19
अनुसूची ८ :पोखरा प्रतिबद्धता, २०७३ ......................................................20

## १.प्रस्तावनाः

मातृ त था बाल मृत्यु दर घटाउनु का साथै वालवालिकाको उच्चतम मानसिक विकास गरी देशको मानवीय पुजी बृद्धि गरेर समग्रमा मुलुकको द्रुत आर्थिक विकासका लागि पोषणको अवस्थामा सुधार गर्न अपरिहार्य भएकोले पोषणका क्षेत्रमा थप लगानी गर्न जरूरी भएको र कुपोषण सम्बन्धी विभिन्न समस्या समाधान गर्न बहुक्षेत्रीय अवधारणा लागू गर्नुपर्ने विश्वव्यापी मान्यतालाई स्वीकार गरी मातृ तथा बाल्यकालीन पोषणको अवस्थामा सुधार ल्याउने मुख्य उद्देश्यले नेपाल सरकारबाट २०६९ जेठ ३२ मा स्वीकृत बहुक्षेत्रीय पोषण योजना पहिलो र दोस्रो क्रमिक रूपमा कार्यान्वयन गरिदै आएकोमा नेपालको संघीय संबिधान जारी भई संघ,प्रदेशतथा स्थानीय तह गरी तीन तहको राज्यको संरचना रहनेव्यवस्था भएकाले सोही बमोजिम स्थानीय सरकार सन्चालन ऐन २०७४ जारी भै कार्यान्वियनमा आएको सर्न्दभमा संघीय संबिधान र स्थानीय सरकार सन्चालन ऐन २०७४ले दिएको अधिकार क्षेत्र भित्र रही यो पोषण मैत्री स्थानीय शासन अबलम्बनका लागि पोषण मैत्री वार्ड घोषणा कार्यबिधि २०७६ जारी गरि लागु गरिएको छ ।

## २.पृष्ठभूमि

नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा व्यक्त गरेका बिभिन्न समझदारी तथा प्रतिबद्धताहरू कार्यान्वयन गर्ने सर्न्दभमा वालवालिका, महिला तथा किशोरीहरूको पोषणको अबस्था सुधारको लागि गरेका सबै प्रतिबद्धताका साथै दिगो बिकास लक्ष्य र बिश्व स्वास्थ्य सभाले तोकेका स्वास्थ्य तथा पोषण सम्बन्धी लक्ष्य तथा सुचकहरू पुरा गर्न राज्य र राज्यका सबै निकाय र तहको दायित्व तथा जिम्मेवारी रहेको छ ।

अन्तराष्ट्रिय  रूपमा नै कुपोषणको समस्या निराकरण गर्ने कार्यलाई सामाजीक, आर्थिक तथा मानबीय बिकासका साथै दिगो बिकास लक्ष्य प्राप्त गर्ने आधारको रूपमा लिईएको छ । कुपोषणबाट सृजना हुने समस्याहरू गम्भीर, दुरगामी तथा अपुरणीय किसिमको हुने कुरा बिभिन्न अध्ययनले प्रष्ट पारेको छ । हामी सबैको प्रयत्नबाट मात्रै महिला, वालवालिका र किशोरीहरूमा हुने कुपोषणलाई उल्लेख्य रूपमा घटाउन सम्भव छ भन्ने कुरालाई मनन गर्दै यस **साँफेबगर नगरपालिकाले** बहुपक्षिय प्रयत्न, अभियान र कार्यक्रम सन्चालन गरि रहेको छ । पोषणको क्षेत्रमा भएका उपलब्धीहरूलाई दिगो बनाई थप प्रगति हासिल गर्न प्रयाप्त स्रोत साधनको व्यबस्था सहित सम्बद्ध सबै तह, बिषयगत शाखा र बिभिन्न क्षेत्रहरूबाट थप प्रतिबद्धता सहित सहयोग, सहजिकरण र समन्वय आबश्यक छ ।

यसै सवाललाई मध्यनजर गर्दैसाँफेवगर नगरपालिकाका नव निर्वाचित जन प्रतिनिधिकरूले मिति २०७४ श्रावण १६ गते हामी बहुक्षेत्रीय पोषण योजनाको अभिमुखिकरणमा उपस्थित भई बहुक्षेत्रीय पोषण योजनालाई पूर्ण रूपमा कार्यान्वयन गरी यस योजनालाई सफलरूपमा सञ्चालन गर्ने प्रतिवद्धता जाहेर गर्दै १० बुदे **सामुहिक प्रतिबद्धता** पत्रमा हस्ताक्षर गरिएको छ । यस्को साथै **पोषण सम्बन्धी पोखरा प्रतिबद्धता २०७३** र **बहुक्षेत्रीय पोषण योजना दोस्रो**को परिच्छेद ३, को दफा ३.६ गाउ तथा नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम, कर्तव्य र अधिकार अर्न्तगत बुदा (क) अर्न्तगत रही यो पोषण मैत्री वार्ड घोषणा कार्यबिधि २०७६ कार्यान्वयन ल्याईएको छ ।

## ३. उद्देश्य

पोषण मैत्री स्थानीय शासन वार्ड घोषणा  कार्यबिधि, २०७६का उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः

क) बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन अर्न्तगत पोषण मैत्री स्थानीय शासन अबलम्बनका लागि यस नगरपालिकाले छनौट गरेका वार्डहरूले आफूलाई पोषण मैत्री वार्ड घोषणा गर्न आबश्यक प्रक्रिया र सुचनाका बारेमा जानकारी दिने ।

ख)पोषण मैत्री स्थानीय शासन वार्ड घोषणाको लागि नगरपालिका, सम्बन्धीत वार्ड र सरोकारवालाहरूले गर्ने अनुगमन, जिम्मेवारी तथा भूमिकाबारे जानकारी दिने ।

ग) पोषण मैत्री स्थानीय शासन वार्ड घोषणाका  लागि आबश्यक क्षेत्रगत तथा बिषयगत सुचक, न्यूनतम लक्ष्य, बिश्लेषण गर्ने तरिका निर्धारिण गर्ने ।

घ) पोषण मैत्री स्थानीय शासन वार्ड घोषणाका लागि आबश्यक प्रक्रिया, बिधि, खुडकिला तथा चरणहरू तयार गर्ने ।

ङ) पोषण मैत्री स्थानीय शासन वार्ड घोषणाका लागि आबश्यक फारमहरू र दस्ताबेजहरू बारे जानकारी गराउने ।

च) पोषण मैत्री स्थानीय शासन अबलम्बन अर्न्तगत पोषण मैत्री वार्ड घोषणालाई सहज बनाउन आबश्यक सहजीकरण तथा सहयोग पुर्‍याउने ।

## ४. कार्यबिधिको प्रयोग र प्रयोगकर्ताहरू

यो पोषण मैत्री स्थानीय शासन वार्ड घोषणा  कार्यबिधि २०७६ लाई साफेवगर नगरपालिकाले पोषण मैत्री वडा घोषणाका लागि प्रयोग गरिनेछ । यस  कार्यबिधिको अधिनमा रही साँफेबगर नगरपालिकाले पोषण मैत्री स्थानीय शासन वार्ड घोषणाका अभियानहरू  कार्यान्वयन गर्नेछ ।

पोषण मैत्री स्थानीय शासन वार्ड घोषणा  कार्यबिधि, २०७६को मुख्य प्रयोगकर्ता साँफेवगर नगरपालिका र यस्का सबै वार्ड कार्यालयहरू, बिषयगत शाखाहरू, बहुक्षेत्रीय पोषण योजना अर्न्तगत सन्चालित बिभिन्न कार्यक्रमहरू, विकास साझेदारहरू र सम्बन्धीत सरोकारवालाहरू हुनेछन । सम्बन्धीत सबै पक्षले सुचनाको माध्यमबाट पोषण मैत्री स्थानीय शासन अबलम्बन र वार्ड घोषणाका प्रक्रिया, प्रतिफल र नतिजाहरूको व्याख्या रबिश्लेषण गर्न सक्नेछन ।

## ५. पोषण मैत्री स्थानीय शासन भनेको के हो ?

**क)** मानबपूजीको विकासका साथै समग्र सामाजीक एवं आर्थिक बिकासमा कुपोषण अबरोधको रूपमा नरहने सुनिश्चित गर्नको लागि दीर्घ कुपोषणलाई उल्लेखनीय रूपमा न्यूनिकरण गर्ने तर्फ मुलुकलाई अग्रसर गराउने सोचका साथ बिद्यमान संघिय संरचना बमोजिम संघ, प्रदेश र स्थानीय तहहरूका नीति, संरचना, प्रणाली, कार्यप्रक्रिया र व्यबहारमा संस्थागत गर्ने शासकीय पद्धति ।

**ख)** यस पद्धतिले स्थानीय तहलाई मातृ, शिशु तथा बाल्यकालिन पोषणको स्थितिमा सुधार ल्याउन योजना तर्जुमा गर्ने, बजेट बिनियोजन गर्ने, सभाबाट योजना तथा बजेट स्वीकृत गर्ने, स्वीकृत योजनाको कार्यान्वयन गर्ने, अनुगमन गर्ने, सार्बजनकि सुनाई, प्रचार प्रसार गर्ने कुरामा जोड दिन्छ ।

ग) सामाजीक, आर्थिक तथा मानब विकासमा प्रतिकूल प्रभाव पार्ने कुपोषणलाई न्यूनीकरण गर्न बहुक्षेत्रीय पोषण योजनालाई बिद्यमान संघिय संरचाना बमोजिम संघ, प्रदेश र स्थानीय तहहरूबाट प्राथमिकताका साथ कार्यान्वयन गरिनु पर्छ  भन्ने सवाललाई कार्यप्रक्रिया र व्यबहारमा लागु गर्ने प्रक्रिया तथा पद्धति नै पोषण मैत्री स्थानीय शासन हो।

## ६. पोषण मैत्री स्थानीय शासनको लक्ष्य :

पोषण मैत्री स्थानीय शासनको प्रर्बद्धन मार्फत पोषण विशेष, पोषण संवेदनशील र सामर्थ बनाउने वातावरणसम्बन्धी कार्यक्रमहरूको विस्तार गरी पोषण सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गरी महिला, किशोरी तथा बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउन र पोषण सेवाको सुनिश्चतता र दिगोपना कायम गर्नु नै पोषण मैत्री स्थानीय शासनको लक्ष्य रहेको छ।

## ७. पोषण मैत्री स्थानीय शासनको उद्देश्य :

क) स्थानीय तहका सबै क्षेत्र र निकायहरूको नीति, संरचना, प्रणाली र कार्य सन्चालन प्रक्रियामा पोषणका सवालहरूको मुलप्रबाहीकरण गर्ने।

ख) पोषण संवेदनशील सेवाहरूको पहूच र उपभोग बढाई स्वस्थ बानी–व्यवहारमा सुधार ल्याउने।

ग) पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरू एकीकृत रूपमा कार्यान्वयन गरी महिला, बालबालिका तथा किशोरीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउने।

घ) पोषणका सवालहरूलाई स्थानीय तहको शासन पद्धतिसंग आबद्ध गरी पोषणका सम्बन्धमा भएका स्थानीय, राष्टिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई व्यबहारमा उतार्ने।

## ८. पोषण मैत्री स्थानीय शासन किन :

- नेपालमा मातृ, शिशु तथा बाल्यकालिन पोषणको स्थितिमा सुधार ल्याउन नेपाल सरकार, संयुक्त राष्ट्र संघीय निकायहरू, विकास साझेदारहरू, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरूबाट२०६९ साल असोज ४ गते प्रतिवद्धता सहितकोघोषणा पत्रमा हस्ताक्षर गर्दै बहुक्षेत्रीय पोषण योजना पहिलो ५ बर्षे को सफल कार्यान्वयनको उपलब्धि र सिकाईका आधारमा आब २०७५/७६ देखि २०७९/८० सम्म दोस्रो  ५ वर्षे योजनाको रूपमा कार्यान्वयन भईरहेको छ।

- नेपालले दिगो विकास लक्ष अनुरूप सन्२०३० सम्ममा कुपोषणलाई अन्त्यगर्ने अन्तराष्ट्रिय प्रतिवद्धता व्यक्त गरेको छ।

- बिश्व स्वास्थ्य सभाले निर्धारण गरेको लक्ष्यअनुसार नेपालले सन् २०२५ को अन्त्यमा कुपोषणको दर २४ प्रतिशत  पुर्याउने।

- बहुक्षेत्रीय पोषण योजनाको सफल कार्यन्वयनको कर्तव्य र जिम्मेवारी स्थानीय तहको रहेको छ।

- नेपालले  क्षेत्रीय तथा अन्तराष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिबद्धताहरूलाई पूर्णता दिने कार्यमा सम्बद्ध सबैको थप प्रयास आबश्यक छ।

- सामाजीक, आर्थिक तथा मानब बिकासमा प्रतिकूल प्रभाव पार्ने कुपोषणलाई न्यूनीकरण गर्न बहुक्षेत्रीय पोषण योजनालाई बिद्यमान संघिय संरचाना बमोजिम संघ, प्रदेश र स्थानीय तहहरूबाट प्राथमिकताका साथ कार्यान्वयन गरिनु पर्छ।
- स्थानीय तहमा यस योजनाको सफल कार्यान्वयनले मात्र समग्र बिकास प्रतिफल निर्धारिण गर्ने हुनाले स्थानीय तहको नेतृत्वमा जोड दिईएको छ।
- पोषणका सवालहरूलाई स्थानीय तहको शासन पद्धतिसंग आबद्ध गरी पोषणका सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई व्यवहारमा उर्तान पोषण मैत्री स्थानीय शासनले सहयोग पुर्याउनेछ।

## ९. बिषयगत क्षेत्र र सुचकहरू :

**१) स्वास्थ्य**

**२) शिक्षा**

**३) महिला तथा बालबालिका**

**४) खानेपानी तथा सरसफाई**

**५) पशु**

**६) कृषि**

**७) सुशासन**

## १०. क्षेत्रगत सुचक निर्धारण खाका

| क.सं. | सुचकहरु | अपेक्षित जनसंख्या | हालको अवस्था | न्यूनतम लक्ष्य | पुष्ट्याईकाआधारहरू | क्षेत्रगत जिम्मेबारी |
|---|---|---|---|---|---|---|
| १ | विषयगत क्षेत्र | | | | | |
| १.१ | | | | | | |
| १.२ | | | | | | |

## ११. पोषण मैत्री स्थानीय शासन वार्ड घोषणाको प्रक्रिया

- पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशकको बैठक, कार्य पालिकाको निर्णय हुदै नगर तथा गाउ सभाबाट पोषण मैत्री स्थानीय शासन अबलम्बन गर्ने निर्णय।
- पोषण सुधारको लागि सामुहिक प्रतिबद्धता र तहगत समितिहरूको निर्णय ।
- पोषण सम्बेदनशिल र पोषण लक्षित योजना बनाई यस्को कार्यान्वयन ।
- बहुक्षेत्रीय पोषण योजना र पोषण मैत्री स्थानीय शासन अबधारणा सम्बन्धी बिभिन्न तहमा सम्बन्धीत सरोकारवाला र लक्षित बर्ग लाई अभिमुखिकरण ।

- क्षेत्रगत सुचकहरू निर्धारण गर्ने र सो बारे नगर तथा वार्ड तहमा छलफल ।
- पोषण मैत्री स्थानीय शासन वार्ड र पालिका घोषणा कार्यान्वियनका लागि चरणगत तथा तहगत खुडकिला तय गरी पुरा गर्ने ।
- वार्ड स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट निर्णय भई घोषणाका लागि कार्यपालिकामा पेश गर्ने ।
- गाउपालिका तथा नगरपालिका र वार्ड स्तरीय पोषण प्रोफाईल गर्ने ।
- पोषण मैत्री स्थानीय शासन वार्ड र पालिका घोषणा कार्यान्वियनका लागि आधार सर्वेक्षण गरेको आधारमा यसका लागि न्यूनतम लक्ष्य तय गर्ने ।
- सो सूचकहरू सम्बन्धीत बिषयगत शाखाबाट प्रमाणिकरण गर्ने ।
- सम्बन्धीत गाउपालिका तथा नगरपालिका र वार्डले पोषण सुधारको लागि रणनीति योजना बनाई कार्यान्वियन गर्ने ।
- पोषण सुधारको लागि वार्ड स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र गाउपालिका तथा नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति अर्न्तगत घोषणा उप समिती गठन र सोको अभिमुखीकरण गर्ने ।
- पोषण सुधारको अबस्थाबारे सरोकारवालाहरूबाट अभियान कार्यान्वियनको अवस्थाबारे अनुगमन भएको र प्रमाणिकरण भएको सूचकहरूको आधारमा प्रतिवेदन तयार भई सो अनुसारका कुरा पूरा गर्ने ।
- पोषण मैत्री स्थानीय शासन वार्ड र पालिका घोषणाका लागि आबश्यक कार्य पुरा भए नभएको स्थलगत अनुगमन गरी सहमति प्रदान गरिदिन सम्बन्धीत माथिल्लो निकाय(जिसस तथा सम्बन्धीत प्रदेश तथा संघीय मन्त्रालय) लाई प्रतिबेदन सहित अनुरोध गर्ने ।
- सम्बन्धीत माथिल्लो निकाय(संघ र प्रदेश तथा सम्बन्धीत मन्त्रालय)बाट स्थलगत अनुगमन गरी आबश्यक सुझाब दिने ।
- सामाजीक जवाफदेहिता बमोजिम सम्पन्न कार्यहरूको सामाजीक लेखापरिक्षण गरेको र गुनासो सुनाई समिति गठन गर्ने ।
- वार्ड तथा पालिकामा पोषण डेस्क, पोषण कर्नर र स्तनपान कक्षको व्यबस्था गर्ने ।
- सम्बन्धीत माथिल्लो निकाय(संघ र प्रदेश तथा सम्बन्धीत मन्त्रालय र जिसस)बाट स्थलगत अनुगमन दिएको सुझाबको कार्यान्वियन गर्ने ।
- सम्बन्धीत माथिल्लो निकायले दिएको सुझाबको कार्यान्वियन पश्चात अन्तिम प्रतिबेदन तयार गर्ने ।

- निश्चित कार्य योजना सहित नगर तथा वडा सभाबाट पोषण मैत्री स्थानीय शासन  वार्ड घोषणा गर्ने निर्णय गर्ने ।

- घोषणा उन्मुख पालिकालेपोषणको स्थिति पत्र र पोषण आचार संहिता प्रकाशन गरी कार्यान्वियन गरेको ।

- पोषण मैत्री स्थानीय शासन घोषणाको लागि शुरू देखि अन्तिम सम्म भए गरेका कार्यहरूको रेकर्ड गरि दस्ताबेजिकरण गर्ने ।

## १२. पोषण मैत्री स्थानीय शासन घोषणाका चरण र खुडकिलाहरू

**तेह्रौ** : पोषण मैत्री गाउ, वार्ड र पालिका घोषणा तथा यस्को निरन्तरता एवं दिगोपना ।

**बाह्रौ** : पोषण मैत्री स्थानीय शासनको न्यूनतम् सेवा सुचकहरूको प्रमाणिकरण ।

**एघारौ** : नगर कार्यपालिका बाट पोषणको क्षेत्रमा लगानी गर्ने प्रतिबद्धता सहितको निर्णय ।

**दशौ** : अनुगमन, समीक्षा र मुल्याकन ।

**नवौ** : पोषणको स्थिति पत्र प्रकाशन र सार्वजनिकीकरण ।

**आठौ** :पोषण मैत्री स्थानीय शासन अबलम्बनका लागि पोषण मैत्री वडा घोषणा कार्यविधि निमार्ण

**सातौ** : बहुक्षेत्रीय पोषण योजनाको बार्षिक योजना तर्जुमा, लगानीको सुनिश्चितता र योजना कार्यान्वियन र बिषेश अभियान सन्चालन ।

**छैठौ** : सरोकालवालाको पहिचान, समन्वय, सन्जाल निर्माण र परिचालन ।

**पाचौ** : पोषणको बस्तुगत बिवरण संकलन, तयारी, बिश्लेषण र प्रकाशन ।

**चौथो** : निश्चित सुचक तथा मापदण्डका आधारमा गाउ, वार्ड छनौट ।

**तेस्रो** : शाखागत  र पालिका स्तरमा पोषण सम्र्पक व्यक्ति, डेस्क स्थापना ।

**दोस्रो** : वार्ड तथा पालिका स्तरमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन तथा पुर्नगठन ।

**पहिलो** : बहुक्षेत्रीय पोषण योजना सम्बन्धी अभिमुखिकरण र सामुहिक प्रतिबद्धता ।

## १३.पोषण मैत्री स्थानीय शासन घोषणाका आबश्यक दस्ताबेजहरू

१. पोषणको बस्तुगत बिवरण

२. पोषण मैत्री आचार संहिता

३. पोषणको स्थिति पत्र

४. सुचक प्राप्ति र उपलब्धी सहितको प्रतिबेदन

५. बिषयगत शाखाहरूले गरेको सुचक प्रमाणिकरण बिवरण

६. नगर पालिका र जिससको स्थलगत अनुगमनको प्रतिबेदन

७. बहुक्षेत्रीय पोषण योजनाको बार्षिक योजना

८. बिभिन्न प्रतिबद्धताहरू, कार्यबिधि, बैठक निर्णय, नितिहरू

९. पोषण मैत्री स्थानीय शासन घोषणाका लागि गरिएका पत्रचारहरू, पम्पलेट, ब्रोसरहरू

१०. पोषण मैत्री स्थानीय शासन पश्चात दिगोपाना र निरन्तरताको लागि रणनीतिक योजना

## १४. पोषण मैत्री स्थानीय शासन घोषणाका लागि बिभिन्न तहहरूको भूमिका र जिम्मेवारीहरू

### क.वार्ड समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारी :

- हरेक सुचकका आधारमा शुरूको अबस्था र अन्तिम अबस्थाको सुचना तुलनात्मक रूपमा राख्ने।
- बिभिन्न समिति, उपसमिति कार्यटोली बनाई कामको जिम्मेवारी बाँडफाँड गर्ने।
- पोषण डेस्क, पोषण कर्नर स्थापना गर्ने।
- बिभिन्न गतिबिधिका चित्र, फ्लेक्स र सफलताका कथा तयार गर्ने।
- पोषण सम्बन्धी वालपेन्टीङ र होडिङ बोर्डहरू राख्ने।
- पोषण मैत्री अभियानका बारेमा सबैलाई जानकारी गराउने, प्रचार प्रसार गर्ने।
- बहुक्षेत्रीय पोषण योजना अर्न्तगतका क्रियाकलापहरू कार्यान्वयन गराउने।
- पोषण मैत्री स्थानीय शासन सम्बन्धी वार्डको प्रस्तुतीहरू तयार गर्ने।
- घोषणाको आबश्यक प्रर्बन्ध मिलाउने।

### ख. नगर पालिका स्तरीय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारी :

**नीतिगत पैरवी** : पोषण मैत्री स्थानीय शासन पद्धतिलाई नगरपालिकाको नीति, संरचना र कार्य प्रक्रियामा मुलप्रवाहीकरण गर्ने।

**योजना तर्जुमा** : योजना, बजेट, कार्यान्वयन, नक्साकन, वार्ड र बस्ती छनौट।

**समन्वय तथा सहजीकरण** : सरकारी तथा गैससससंग सर्म्पक, परिचालन, बैठक, समिति गठन।

**अनुगमन तथा मुल्याकन** : नियमिति बैठक, संयुक्त अनुगमन, प्रगति समिक्षा, सूचना व्यबस्थापन, पृष्ठपोषण, अनुगमन र मुल्याकन।

**समिक्षा तथा बिश्लेषण** : स्थिति पत्र प्रकाशन, नियमित क्रियाकलापहरूको कार्यान्वयन, प्रगति समिक्षा, पालिका स्तरीय बैठक, कम्जोर सुचक पुरा गर्न थप स्रोत परिचालन र वार्डलाई आबश्यक सहयोग र सहजिकरण।

**क्षमता बिकास :** सबै बिषयगत क्षेत्र र सरोकारवालाको क्षमता बिकास, परिचालन, सन्जाल गठन र संस्थागत बिकास ।

## ग. जिल्ला समन्वय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारी :

- हरेक सुचकका आधारमा शुरूको अबस्था र अन्तिम अबस्थाको सुचना तुलनात्मक रूपमा बिश्लेषण गरी आबश्यक सुझाब दिने ।
- स्थलगत अनुगमन तथा मुल्याकन गर्ने ।
- आबश्यक सहजकिरण र सहयोग गर्ने ।
- पालिका, प्रदेश र संघ बिच समन्वयको भूमिका निर्वाह गर्ने ।
- पोषण मैत्री स्थानीय शासन घोषणाका लागि सिफारिस गर्ने ।
- पोषणको क्षेत्रमा काम गर्ने संघ संस्थाहरूको परिचालनका लागि समन्वय गर्ने ।
- पोषण मैत्री स्थानीय शासन घोषणाका लागि प्राबिधिक सहयोग उपलब्ध गराउने ।
- जिल्ला स्तरीय बैठकको आयोजना गर्ने र जिल्ला स्थित कार्यालयहरूको परिचालनका लागि समन्वय गर्ने ।

## घ. प्रदेश तथा संघको भूमिका तथा जिम्मेवारी :

- पोषण मैत्री स्थानीय शासनको अबधारणा, रणनीति, निर्देशिकाहरूको बिकास गर्ने ।
- बहुक्षेत्रीय पोषण योजना अर्न्तगतका क्रियाकलापहरूको कार्यान्वयनका लागि क्षेत्रगत बजेट बिनियोजन गर्ने ।
- बिभिन्न क्षमता बिकासका कार्यहरू गर्ने ।
- संघ तथा प्रदेश स्तरीय समितिहरूको गठन, पुर्नगठन र नियमित बैठक र परिचालन ।
- बिभिन्न दातृ निकाय, बिषयगत मन्त्रालय, नागरिक समाज, पत्रकार, सांसद आदि निकायहरू संग समन्वय गर्ने र स्रोतको सुनिश्चितता गर्ने ।
- पोषण मैत्री स्थानीय शासन घोषणाका लागि सिफारिस गर्ने ।
- अनुगन तथा मुल्याकन गर्ने ।
- आबश्यक सहजकिरण र सहयोग गर्ने ।

## १५. स्पष्टीकरण तथा बचाउ :

यो कार्यबिधि, यस्का प्राब्धानहरू र बुदाहरू संघ र प्रदेश अर्न्तगतको कार्यबिधिसंग बाझिने छैनन । यदि बाझिएको हकमा बाझिएका प्राब्धानहरू स्वतः खारेज भएको मानिनेछ ।

## १६. पुरूस्कार तथा सम्मान :

घोषणा कार्यमा सहयोग, सहजीकरण गर्ने बिभिन्न व्यक्ति, कार्यालय, निकाय र संघ संस्थाहरूलाई सम्मान गर्न सकिनेछ । यस्का साथै यस कार्यबिधि अनुसार वार्ड घोषणमा पहिलो घोषणा गर्ने वार्डलाई पुरूस्कार प्रदान गरिनेछ । त्यसै गरी दोस्रो, तेस्रो, चौथो, पाचौ, छैठौ र सातौ हुने वार्डलाई क्रमशः मुल्याकंन का आधारमा पुरूस्कार प्रदान गरिनेछ ।

## १७. अनुसूचीहरू :

अनुसूची १ः पोषणमैत्री स्थानीय शासन अर्न्तगत पोषण मैत्री वार्ड घोषणाको लागि तयार गरिएको क्षेत्रगत सूचकहरू र न्यूनतम लक्ष्य।

**साँफेवगर नगरपालिका, साँफेवगर, अछाम ।**
**बहुक्षेत्रीय पोषण योजना**
**पोषणमैत्री स्थानीय शासनको लागि तयार गरिएको सूचकहरु र न्युनतम लक्ष्य**

| क्र.स | सूचकहरु | अपेक्षित जनसंखय | आधार अवस्था | न्युनतम लक्ष्य | प्रगतिको अबस्था | पुष्ट्याईकाआधारहरू तथा सुचनाका स्रोत |
|---|---|---|---|---|---|---|
| १ | **बिषयगत क्षेत्र : स्वास्थ्य** | | | | | |
| १.१ | गर्भवती महिलाले कम्तिमा ४ पटक पुर्व प्रसुति जाँच गरेको प्रतिशत | | | ८० | | |
| १.२ | सुत्केरी महिलाले कम्तिमा ३ पटक उत्तर प्रसुति जाँच गरेको प्रतिशत | | | ७५ | | |
| १.३ | गर्भवती महिलाले टिडि खोप पाएको प्रतिशत | | | ९० | | |
| १.४ | गर्भवती महिलाले १८० र सुत्केरी भएपश्चात ४५ दिनसम्म दिनको एक चक्किका दरले आइरन चक्कि खाएको प्रतिशत | | | ९० | | |
| १.५ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत | | | ८० | | |
| १.६ | तालिम प्राप्त स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको प्रतिशत | | | ७० | | |
| १.७ | ५ बर्ष मुनीका बालकालिकाहरुले बर्षमा दुइ पटक भिटामिन ए क्याप्सुल र जुकाको औषधी पाएको प्रतिशत | | | ९५ | | |
| १.८ | २४ महिनासम्मका बालकालिकाहरुले नियमित बृद्धि अनुगमन गरेको प्रतिशत | | | ८० | | |
| १.९ | जन्मे देखि ६ महिनासम्म पुर्ण स्तनपान गराएको प्रतिशत | | | ७० | | |
| १.१० | स्तनपानका साथै सहि समयमा थप खानाको सुरुवात गरेको प्रतिशत | | | ७० | | |
| १.११ | दुई बर्ष मुनीका बालबालिकामा ख्याउटेपना प्रतिशत | | | ८ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.१२ | दुई बर्ष मुनीका बालबालिकामा रक्त अल्पता प्रतिशत | | | ६५ | | |
| १.१३ | गर्भवती महिलाहरुमा रक्तअल्पता प्रतिशत | | | २५ | | |
| १.१४ | किशोरी तथा प्रजनन उमेरका महिलाहरुमा रक्त अल्पताप्रतिशत | | | २५ | | |
| १.१५ | कम तौलका शिशुको जन्म प्रतिशत | | | २० | | |
| १.१६ | बालबालिकाहरुलाई झाडा पखाला लागेको बेला जिंक चक्की र पुर्नजलिय झोल खुवाउने गरेकोप्रतिशत | | | ६० | | |
| १.१७ | सुत्केरी तथा गर्भावस्थामा थप खाना खाने गरेको प्रतिशत | | | ७० | | |
| १.१८ | बाल भिटा वितरण गरेको बालबालिकाको प्रतिशत | | | ८० | | |
| १.१९ | आयोडिनयुक्त नुन खाने घरधुरी प्रतिशत | | | ९० | | |
| १.२० | पुर्ण खोपयुक्त वडा सुनिश्चितता | | | भएको | | |
| १.२१ | स्वास्थ्य आमा समुहहरुको बैठकमा नियमित सहभागिता हुने सुनौला हजार दिनका आमाहरुको प्रतिशत | | | ८० | | |
| २ | **बिषयगत क्षेत्र : शिक्षा** | | | | | |
| २.१ | आइरन चक्की सेवन गर्ने विद्यालयभित्र रहेका १० देखी १९ बर्षका किशोरीहरुको प्रतिशत | | | ९० | | |
| २.२ | माध्यमिक तहको विद्यालयमा वालविवाह, छाउपडी प्रथा विरुद्दको अभियान, सडकनाटक, वादविवाद, हाजिरीजवाफ जस्ता पोषण संबेदनशिल अतिरिक्त क्रियाकलापहरु संचालन | | | भएको | | |
| २.३ | प्रारम्भिक वालविकास संचालन भएका आधारभुत तहका बिद्यालयको प्रतिशत | | | ५० | | |
| २.४ | प्रारम्भिक वाल विकासमा तालिम प्राप्त सहजकर्ताहरु भएको प्रतिशत | | | ५० | | |
| २.५ | आधारभुत शिक्षाको लागि विद्यालय नजाने बालबालिकाको प्रतिशत | | | १० | | |
| २.६ | जंक फुड निषेधित तथा दिवा खाजा व्यवस्था भएको विद्यालय प्रतिशत | | | ८० | | |
| २.७ | विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघको बैठकमा पोषण सम्बन्धी विषयवस्तु छलफल भई निर्णय भए नभएको | | | भएको हुनुपर्ने | | |
| २.८ | खानेपानी सुबिधा भएको बिद्यालयको प्रतिशत, | | | ५० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **३** | **बिषयगत क्षेत्र : महिला तथा बालबालिका** | | | | | |
| ३.१ | विद्यालय बाहिर रहेका १० देखी १९ बर्षका किशोरीहरुले आइरन चक्की सेवन गरेको प्रतिशत | | | ८० | | |
| ३.२ | महिला तथा बालिकामा हुने लैङिगक हिंसा (छाउपडी, बालबिबाह, छुवाछुत)का सार्वजनिक घटना अवस्थाको संख्या | | | १० | | |
| ३.३ | २० बर्ष नपुग्दै विबाह हुने पुरुष तथा महिलाको प्रतिशत | | | १५ | | |
| ३.४ | सासु बुहारी, श्रीमान श्रीमती विच अन्तरक्रिया कार्यक्रममा सहभागीभएका सुनौलाहजार दिनका घरपरिवारको प्रतिशत | | | ६० | | |
| ३.५ | छाउपडि गोठ भएका घरधुरी प्रतिशत | | | १५ | | |
| **४** | **बिषयगत क्षेत्र : खानेपानी तथा सरसफाई** | | | | | |
| ४.१ | स्वच्छ खानेपानीको लागि पानी सुद्धिकरणको व्यबस्था तथा सुविधा ( फिल्टर आदि) भएको घरधुरी प्रतिशत | | | ८० | | |
| ४.२ | व्यवस्थित तथा सफा शौचालय भएको घरधुरी प्रतिशत | | | ९० | | |
| ४.३ | सुनौला हजार दिनको घरपरिवारमा साबुनपानीले हातधुने (चर्पी गएपछि, खानाखानु अगाडी र बालबालिकाको दिसाधोए पछि) परिपाटीको विकास भएको प्रतिशत | | | ७० | | |
| ४.४ | कम्तिमा बर्षमा १ पटक मुहान सरसफाई गर्ने सामुदायिक खानेपानीको प्रतिशत | | | ८० | | |
| ४.५ | सामुदायिक खानेपानीको गुणस्तर परिक्षण भएको | | | भएको हुनुपर्ने | | |
| ४.६ | WASH Cornerस्थापना गरिएका विद्यालय तथा स्वास्थ्य संस्थाको प्रतिशत | | | ८० | | |
| ४.७ | फोहोर पानी पुनप्रयोग गरी जुठल्नो सुधार भएको सुनौला हजार दिनका घरपरिवारको प्रतिशत | | | ७० | | |
| ४.८ | खुल्ला दिसामुक्त वडा भए, नभएको | | | भएको हुनुपर्ने | | |
| ४.९ | धुवारहित चुलो तथा भान्साको व्यबस्थापन(ग्याँस, झ्याल भएको) | | | ६० | | |
| ४.१० | फोहर फाल्ने खाल्डो भएका घरधुरीको प्रतिशत | | | ९० | | |
| ४.११ | पशु मल मुत्र व्यबस्थापन भएका घरधुरीको प्रतिशत | | | ७० | | |
| ४.१२ | भाडा सुकाउने च्याङ र मोरी (हात | | | ८० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | धुने स्थान) भएका घरधुरीको प्रतिशत | | | | | |
| **५** | **बिषयगत क्षेत्र : कृषि बिकास** | | | | | |
| **५.१** | करेसाबारी स्थापना सम्बन्धी तालिम लिएको सुनौला हजार दिनका घरपरिवार प्रतिशत | | | ६० | | |
| **५.२** | करेसाबारी स्थापना भएको सुनौला हजार दिनका घरपरिवार संख्या प्रतिशत | | | ५० | | |
| **५.३** | नियमित रुपमा फलफुल, सागसब्जी, गेडागुडीको उपभोग गर्ने सुनौला हजार दिनका घरपरिवार प्रतिशत | | | ६० | | |
| ६ | **बिषयगत क्षेत्र : पशु सेवा** | | | | | |
| **६.१** | पशुपंक्षी पालन सम्बन्धी अभिमुखिरकण लिएको सुनौला हजार दिनका घरपरिवार प्रतिशत | | | ५० | | |
| **६.२** | पशुपंक्षी जन्य खानाको उलब्धताको लागि पशुपंक्षी पालन गर्ने सुनौला हजार दिनका घरघुरी प्रतिशत | | | ५० | | |
| **६.३** | पशुपंक्षी जन्य खाना तथा पदार्थहरु ( दूध, दही, घिउ., अण्डा, माछा, मासु) नियमित उपभोग गर्ने सुनौला हजार दिनका घरपरिवारको प्रतिशत | | | ६० | | |
| ७ | **बिषयगत क्षेत्र : स्थानीय निकाय तथा सुशासन** | | | | | |
| **७.१** | बाल नगद अनुदान प्राप्त गर्ने ५ बर्षमुनीका बालबालिकाले प्रतिशत | | | ९० | | |
| **७.२** | पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन (स्थानीय तह) | | | भएको हुनुपर्ने | | |
| **७.३** | पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन (वडा तह) | | | भएको हुनुपर्ने | | |
| **७.४** | पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक (स्थानीय तह) | | | भएको हुनुपर्ने | | |
| **७.५** | पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक (वडा तह) | | | भएको हुनुपर्ने | | |
| **७.६** | वस्तीस्तरबाट पोषण योजना माग भएको नभएको र बजेट बिनियोजन भए नभएको | | | भएको हुनुपर्ने | | |
| **७.७** | स्थानीय तहमा पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरूको योजना तथा कार्यान्वयनको संयोजन गर्न कार्यपालिका सदस्यलाई संयोजक तोके नतोकेको | | | भएको हुनुपर्ने | | |
| **७.८** | विषयगत शाखाहरुबाट पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरूको | | | भएको हुनुपर्ने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्पर्क व्यक्ति तोकिएको नतोकिएको | | | | | |
| ७.९ | स्थानीय तहले पोषण कार्यक्रमका लागि कम्ती बजेट छुट्टाइएको रकम | | | २० लाख | | |
| ७.१० | नगर सभावाट पोषण सम्बन्धी नीति तथा कार्यक्रम पारित भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.११ | स्थानीय तहको दीर्घकालीन, आवधिक तथा वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजनाअनुसारका कार्यक्रम समावेश भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.१२ | स्थानीयहमा कार्यरत कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि सम्बन्धी क्रियाकलापहरु सञ्चालन भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.१३ | स्थानीय तहको पोषण पार्श्वचित्र तयार भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.१४ | स्थानीयतहमा पोषण कर्नर स्थापना भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.१५ | पोपण सम्बन्धी सूचना स्थानीय रेडियो तथा होर्डिङबोर्डमार्फत सम्प्रेषण भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.१६ | अनलाइन मार्फत पोषणका राष्ट्रिय सुचाङ्क अनुसारको तथ्यांक प्रतिवेदन भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.१७ | पालिकाबाट नियमित अनुगमन भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.१८ | पालिका तथा वार्ड कार्यालयमा स्तनपान कक्ष भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.१९ | पालिका तथा वार्ड कार्यालयमा पोषण प्रर्दशनी स्थल भए नभएको | | | भएको हुनुपर्ने | | |

## अनुसूची २ :पोषण मैत्री स्थानीय शासन का सुचक बिश्लेषण(निकाल्ने) तरिका

साफेवगर नगरपालिकाको कार्यालय

## पोषण मैत्री स्थानीय शासन का सुचक बिश्लेषण(निकाल्ने) तरिका

गाँउ तथानगरपालिकाको नामः

वार्ड नं.

मिति :

| क्र.स. | बिवरण तथा क्षेत्रगत सुचकहरू | रेखा मुनीको अंक | रेखा माथीको अंक | नतिजा प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| **क** | **रू** | **ग** | **घ** | **ड.** | |
| १ | बाल बिबाहको संख्यामा कमी आएको | गएको २ बर्षमा बिबाह हुने महिला पुरूषको संख्या | बिबाह गर्दा २० बर्ष भन्दा कम उमेर हुने महिला पुरूषको संख्या | **घ/ग*१००** | |
| | **उदाहरण :** सुचना लिएको दिन सम्म बिबाह गर्नेको संख्या (महिला पुरूष जोडेर) १०० रहेछ। यस मध्ये बिबाह गर्दा २० बर्ष भन्दा कम उमेर हुनेको संख्या (महिला पुरूष जोडेर) २० रहेछ। | १०० | २० | २० | जस्तो : २० भाग १०० गुणाण १०० बराबर २० प्रतिशत |
| ३ | | | | **यस्तै तरिकाले सबै सुचकको अबस्था पत्ता लगाउन सकिन्छ।** | |

अनुसूची ३ :पोषण मैत्री स्थानीय शासनका सुचक प्राप्तीको अबस्था बिवरण

बहुक्षेत्रीयपोषण योजना

**साफेबगर नगरपालिकाको कार्यालय**

## पोषण मैत्री स्थानीय शासनका सुचक प्राप्तीको अबस्था बिवरण

| क.सं. | बिवरण तथा क्षेत्रगत सुचकहरू | आधार अबस्था ( Baseline) | हालको अबस्था | सुचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

अनुसूची ४ :पोषण मैत्री स्थानीय शासन घोषणामा रहेको वार्ड र पालिकाको संक्षिप्त कार्य योजना

बहुक्षेत्रीयपोषण योजना

**साफेबगर नगर पालिकाको कार्यालय**

## पोषण मैत्री स्थानीय शासन घोषणामा रहेको वार्ड र पालिकाको संक्षिप्त कार्य योजना

गाँउ तथा नगरपालिकाको नामः

**वार्ड नं.**

पालिका तथा वार्डलाई कहिले सम्म घोषणा गर्ने लक्ष्य लिईएको छ ? :....................

| घोषणा गर्नको लागि गर्नुपर्ने मुख्य मुख्य कार्यहरू के के छन ? ( अब के गर्ने, कुन सुचक वा नतिजा पुरा गर्न बाकि छ ? ) | | | | | जिम्मेवारी तथा सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| आगामी १ महिना भित्र सम्पन्न गर्न सकिने कार्यहरू | आगामी २ महिना भित्र सम्पन्न गर्न सकिने कार्यहरू | आगामी ३ महिना भित्र सम्पन्न गर्न सकिने कार्यहरू | चालु आबको अन्त्य सम्म सम्पन्न गर्न सकिने कामहरू | अर्को आबमा मात्र सम्पन्न गर्न सकिने कामहरू | | |
| १ | १ | १ | १ | १ | | |
| २ | २ | २ | २ | २ | | |
| ३ | ३ | ३ | ३ | ३ | | |
| ४ | ४ | ४ | ४ | ४ | | |

अनुसूची ५ :पोषण मैत्री स्थानीय शासन कार्यान्वयन संयुक्त अनुगमन फारम

बहुक्षेत्रीयपोषण योजना

**साफेबगरनगर पालिकाको कार्यालय**

## पोषण मैत्री स्थानीय शासन कार्यान्वयन संयुक्त अनुगमन फारम

अनुगमन गरिएको गाँउ तथा नगरपालिकाको नामः

**वार्ड नं.**

**मिति :**

| क्र.सं. | बिवरण तथा क्षेत्रगत सुचकहरू | न्यूनतम् लक्ष्य पुरा भएको | | सिफारिस तथा सुझाब | सुचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | छ | छैन | | | |
| क्षेत्र : | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

### सम्पादित उल्लेखनीय कार्यहरुः

रामा्र तथा उदाहरणीय सफलताहरू :

अनुगमन कर्ताको राय तथा मन्तव्य
:

अनुगमन कर्ताको बिवरण :

| क. सं. | नाम थर | पद | कार्यालय | दस्तखत | मिति |
|---|---|---|---|---|---|
| १ | | | | | |

## अनुसूची ६ :पोषण मैत्री आचार संहिता

बहुक्षेत्रीयपोषण योजना

**साफेबगरनगर पालिकाको कार्यालय**

## पोषण मैत्री आचार संहिता

गाँउ तथा नगरपालिकाको नामः

| नगरपालिका, वार्ड कार्यालय र बिषयगत शाखाहरूको पोषण मैत्री आचार संहिता | शैक्षिक संस्थाको पोषण मैत्री आचार संहिता | परिवार र समुदायको पोषण मैत्री आचार संहिता | बालबालिकाको पोषण मैत्री आचार संहिता | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १ | १ | |
| २ | २ | २ | २ | |
| ३ | ३ | ३ | ३ | |
| ४ | ४ | ४ | ४ | |

अनुसूची ७ :पोषण सुधारको लागि सामुहिक प्रतिबद्धता

# साँफेबगर नगरपालिका

साँफेबगर, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

पोषण तथा खाद्य सुरक्षा नेपाल

## सामुहिक प्रतिवद्धता

२०७४ श्रावण १६ गते

नेपालमा मातृ शिशु पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार, संयुक्त राष्ट्र संघीय निकायहरू, विकास साझेदारहरू, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरूबाट २०६९ सालअसोज ४ गते प्रतिवद्धताको घोषणा पत्रमा हस्ताक्षर गर्दै बहुक्षेत्रीय पोषण योजना २०६९-२०७३ कार्यान्वयन भईरहेको छ । नेपालले सन् २०३० सम्ममा कुपोषणलाई अन्त्यगर्ने अन्तराष्ट्रिय प्रतिवद्धता व्यक्त गरेको छ । विगतमा स्थानीय स्तरमा जिल्ला समन्वय समितिको (साविकको जिल्ला विकास समिति) संयोजनकारी भूमिकामा स्थानीय निकाय र विषयगत कार्यालयहरु मार्फत यो योजना कार्यान्वयनमा रहेकोमा हाल नयां संविधान जारी भई संघ, प्रदेश र स्थानीय तहका अधिकारहरु स्पष्ट भई आएका छन । आज यो कार्यक्रमको सफलकार्यन्वयनको कर्तव्य हाम्रो भएको छ । आज मिति२०७४ श्रावण १६ गते यस नगरपालिकाका निर्वाचित पदाधिकारीहरु हामी बहुक्षेत्रीय पोषण योजनाको अभिमुखिकरणमा उपस्थित भई निम्नानुसारका क्रियाकलाप पूर्ण रुपमा कार्यान्वयन तथा सहभागिता जनाई यस नगरपालिकामा यस योजनालाई सफल रुपमा सञ्चालन गर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

**प्रतिवद्धता:**

१. सबै बालबालिकालाई अनिवार्य विद्यालय जाने वातावरण सृजना गरि गुणस्तरीय शिक्षाको व्यवस्था गर्नेछौं ।
२. निशुल्क तथा गुणस्तरीय उपचारको लागि प्रत्येक वडामा स्वास्थ्य चौकी र नगरपालिका स्तरमा ५० शैयाको अस्पतालको लागि हाल सन्चालनमा रहेको बयलपाटा अस्पताललाई निरन्तरता दिदै गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चता गर्नेछौं ।
३. ३५ दिन भित्र जन्मदर्ता गर्न आउने सुत्केरी आमालाई पोषण भत्ता प्रदान गर्नेछौं ।
४. स्वच्छ खानेपानी र सरसफाई व्यवस्था सुनिश्चित गर्नेछौं ।
५. विभिन्न तहमा भएका प्रतिवद्धता, कार्ययोजना र समन्वय संयन्त्र सहित कार्यान्वयनको सुनिश्चितताका लागि सहयोगी निकायबाट प्राप्त सहयोगलाई समेत मूलप्रवाहीकरण गर्दै प्रभावकारी अनुगमन गर्न अघि बढ्नेछौं ।
६. सबै स्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गर्ने छौं ।
७. यस अभिमुखिकरणबाट प्राप्त ज्ञान, सीप र साझा बुझाईलाई व्यवहारमा लागु गर्न सदा तत्पर रहनेछौं ।
८. यो योजना सञ्चालन गर्न संघीय, प्रादेशिक, अन्य स्थानीय तह लगायत विकास साझेदार एवंम् सरोकार निकायसग सार्थक समन्वय गर्नेछौं ।
९. समाजमा बिद्यमान कुरुती जस्तैः छाउपडी, बालबिबाह र छुवाछुत जस्ता संस्कार र बिकृती अन्त्यका लागि ठोस नियम बनाई कार्यान्बियन गर्ने ।
१०. **स्वस्थ, सफा र पुर्ण पोषणयुक्त घर, गाउ र वडा अभियान सञ्चालन गर्दै आगामी ५ बर्ष भित्र यस नगरपालिकालाई कुपोषण मुक्त भएको घोषणा उन्मुख गर्नेछौं ।**

नगर प्रमुख | नगर उपप्रमुख | कार्यकारी अधिकृत | वार्ड अध्यक्षज्यूहरु

बिषयगत शाखाका प्रमुखहरु : | अन्य सरोकारवालाहरु :

*नगरपालिका स्तरीय अभिमुखिरण २०७४ श्रावण १६ गते , साफेबगर, अछाम ।*

अनुसूची ८ :पोखरा प्रतिबद्धता, २०७३

# पोषण सम्बन्धी पोखरा प्रतिवद्धता २०७३

२०७३ पौष २८ र २९ गते पोखरामा आयोजना गरिएको राष्ट्रिय पोषण गोष्ठीमा उपस्थित स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागका सम्बद्ध पदाधिकारीहरु, ५ वटै क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशकहरु, ७५ वटै जिल्लाका स्वास्थ्य/जनस्वास्थ्य कार्यालयका प्रमुख तथा पोषण सम्पर्क व्यक्तिहरु, संयूक्त राष्ट्र संघीय निकाय एवम् विकास साझेदार संस्था तथा नागरिक समाजका प्रतिनिधिहरुले सामूहिक रुपमा हामी गुणस्तरिय पोषण सेवालाई स्थानीय तहसम्म सर्वव्यापि पहुँचमा पुऱ्याउदै दिगो विकासका लक्ष्यहरु हासिल गर्न प्रतिवद्ध छौं ।

नेपाली जनता विशेषत: मातृ, शिशु तथा बाल्यकालीन पोषण स्थितिमा सुधार ल्याउन २००४ मा राष्ट्रिय पोषण नीति तथा रणनीति कार्यान्वयनमा आए सँगै नेपाल सरकारबाट स्विकृत बहुक्षेत्रीय पोषण योजना २०६९-२०७३, राष्ट्रिय स्वास्थ्य नीति २०७१, नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०७२-२०७७ तथा Scaling Up Nutrition, World Health Assembly 2012 लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरु कार्यान्वयनमा रहेका छन् । सोही बहुक्षेत्रीय प्रतिवद्धतालाई मनन् गर्दै राष्ट्रिय योजना आयोगको नेतृत्वमा स्वास्थ्यसँग सम्बन्धित पोषण योजनाहरुलाई स्वास्थ्य मन्त्रालयले आफ्ना कार्यक्रमहरु बिभिन्न तहगत संरचना मार्फत सकृयतापूर्वक कार्यान्वयन गरिरहेको सन्दर्भमा ती कार्यक्रमहरुलाई क्रमबद्ध रुपमा अघि बढाउन र बिभिन्न तहमा पोषणका सन्दर्भमा साझा बुझाई कायम गरी दिगो विकास लक्ष्य सहित अन्य घोषित लक्ष्यमा पुग्नका लागि आधार तय गर्न निम्न अनुसारका प्रतिवद्धता जाहेर गर्दछौं ।

१. राष्ट्रिय पोषण गोष्ठी, पोखराको मूल मन्त्र *"स्वस्थ सुखी र समृद्ध परिवार हाम्रो सरोकार, प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा जनताको अधिकार"* लाई मुर्त रुप दिन आ-आफ्नो कार्य क्षेत्रबाट प्रतिबद्ध छौ ।

२. राष्ट्रिय योजना आयोगको संयोजन तथा समन्वयमा लागु भइरहेको बहुक्षेत्रीय पोषण योजनालाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि स्वास्थ्य मन्त्रालयले पोषण क्षेत्रमा सशक्त प्राविधिक नेतृत्व प्रदान गर्ने ।

३. संघीय संरचनामा मुलुक उन्मुख भइरहेको परिप्रेक्ष्यमा पोषणको महत्वलाई दृष्टिगत गर्दै तत्पश्चात हुने संगठनात्मक ढाँचामा केन्द्र, प्रदेश तथा स्थानीय तहहरुमा पोषणलाई समावेश गरी पोषणको मूल प्रवाहिकरण गर्ने ।

४. यसै आर्थिक बर्ष भित्र नेपालका ७५ जिल्लाहरुमा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयमा पोषण अधिकृतहरुको व्यवस्था प्रारम्भ गरी साथै हरेक स्वास्थ्य संस्थाहरुमा पोषण सम्पर्क व्यक्ति तोकि पोषणसम्बद्ध कार्यक्रमहरुलाई प्रभावकारी ढंगले लक्षित समुदायसम्म पुऱ्याउने ।

५. बहुक्षेत्रीय पोषण योजनाको दस्तावेजमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगत राष्ट्रिय पोषण केन्द्र स्थापना गर्ने प्रावधान रहेको र सो विषयमा तत्कालीन मन्त्रिपरिषदबाट निर्णय समेत भइसकेको सन्दर्भमा मुलुक संघीय ढाँचामा रुपान्तरण भइसकेको हुदा संघीय तहमा नै पोषण सम्बन्धी एउटा सशक्त निकायको स्थापना गर्न तुरुन्तै पहल गर्ने ।

६. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरे अनुसारका स्वास्थ्य सम्बन्धी पोषण सेवाहरुलाई स्थानीय तहसम्म समावेशि र समतामूलक सिद्धान्त अनुरुप विस्तार गर्ने । यसै आर्थिक बर्षबाट कुपोषण र खाद्य असुरक्षाको दृष्टिले अति प्रभावित जिल्लाहरुमा कुपोषण उपचार तथा व्यवस्थापन सहितको एकिकृत पोषण कार्यक्रम सञ्चालन गर्ने ।

७. आगामी आर्थिक बर्ष देखि पोषण सम्बन्धी छुट्टै बजेट कोड स्थापना गरी श्रोतको परिचालन गर्न सम्बन्धित निकायहरुसँग पहल गर्ने ।

८. विकास साझेदारहरुको सहयोग र योगदान प्राप्तिको ढाँचामा एकरुपता ल्याइ राष्ट्रिय पोषण प्रारुप अन्तरगत एकद्वार प्रणाली अपनाइ पोषण क्षेत्रका कार्यक्रमहरुलाई पूर्णता दिन (Complete coverage) सुनिश्चित गर्ने ।

९. क्षेत्र तथा जिल्ला तहमा उपलब्ध साधन तथा श्रोतको समन्वयात्मक रुपमा अधिकतम परिचालन गरी नतिजामूलक उपलब्धी हासिल गर्ने ।

१०. स्थानीय तहमा उपलब्ध श्रोत र साधनलाई उच्चतम सदुपयोग गर्ने गरी पूर्ण पोषणयूक्त घर, गाउ, जिल्ला अभियान सञ्चालन गर्नको लागि यसै आर्थिक बर्ष भित्र कार्यविधि तयार पारी अभियान घोषणा गर्ने ।